जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक ७५ २०८३ साल असोज ३० गते शुक्रबार (16 Oct 2026 Friday) मूल्य रु. ५/-

## चट्याङको समयमा सर्तक रहौं

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : विज्ञापन बोर्डको वार्षिक... ३ पृष्ठमा : पाकिस्तानमा विद्यालय ... ४ पृष्ठमा : गाउँको विकासका लागी ...

# धामी झाँक्रीको भर पर्दा अकाल मै बालकको ज्यान गयो

**दैनिक समाचारदाता**
**राजविराज, २९ असोज ।**

बिषालु सर्पले टोक्दा अस्पतालको साटो धामी झाँक्रीको भरपर्दा सप्तरीको डाक्नेश्वरी नगरपालिका ८ कट्टी परवाहा टोल एक ५ बर्षीय बालकले ज्यान गुमाएका छन् ।

बालक सुमित मंडललाई तत्काले अस्पताल पुऱ्याउनुको साटो धामी झाँक्रीको भर परेर झारफुकमा समय खेर फाल्दा मृत्यु भएको हो ।

घटना बिवरण अनुसार बुधबार दिउँसो घरको आगनमै खेलिरहेको बेला उनलाई बिषालु सर्पले टाकेको थियो । सर्पले टोकपछि अतालिएका बालक दौडेर हजुर आमा फुलकुमारीको काँखमा पुगेर अचेत भएका थिए । उनलाई तत्कालै अस्पताल पुऱ्याउनुको साटो आफन्तले गाउँकै एक धामी झाँक्रीलाई बोलाए । धामीले झण्डै आधा घण्टा झारफुक र अन्य विधिमा समय विताए ।

तर, बालक सुमित होसमा आएनन् । त्यसपछि उनलाई परिवारजनले कल्याणपुर स्थित सर्पदंश उपचार केन्द्रमा पुऱ्याएका थिए । त्यहाँ भेन्टिलेटर सुविधा नरहेको र बालकको अवस्था अत्यन्तै गम्भिर रहेको भन्दै स्वास्थ्यकर्मीले अन्यत्रको सुविधा सम्पन्न अस्पतालमा लैजान भने पछि सदरमुकाम राजविराज स्थित छिन्नमस्ता अस्पताल ल्याईपुऱ्याएको बुबा ओम प्रकाशले बताए । तर सो अस्पतालले पनि बालकको अवस्था नाजुक रहेको भन्दै अन्य अस्पतालमा लैजान सल्लाह दिएपछी गजेन्द्रनारायण सिह अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषित गरेको आमा रेणु देवीले सुनाईन ।



चिकित्सकले मृत घोषित गरिसकेका बालकलाई अस्पतालको प्रवेश गेट नजिकै राखेर अभिभावकले गाउँबाट धामी झाँक्री बोलाएर झारफुक गराउँदै । *तस्बिर : राजविराज दैनिक*

गजेन्द्र नारायण सिह अस्पतालका मेडिकल सुपरीटेन्डेट डा.रञ्जित झाले अस्पताल ल्याउनु अघि नै बालकको मृत्यु भइसकेकाले मृत घोषित बाहेक अन्य केही उपाय गर्न नसकिएको बताए । उनले विषालु सर्पको विष शरिर भरी फैलिसकेको र ल्याउन ढिलाई गर्दा यस्तो दुखःदायी घट्ना भएको भन्दै अन्धविश्वासमा पर्दा अकाल मै बालकले ज्यान गुमाएको सुनाए ।

यति मात्र होइन् चिकित्सकले मृत घोषित गरिसकेका बालकलाई अस्पतालको प्रवेश गेट नजिकै राखेर फेरि अभिभावकले गाउँबाट धामी झाँक्री नै बोलाए । अस्पताल गेट नजिकै राखिएको बालकको पार्थिव शरिरमा फेरी धामि झाकिले झारफुक सुरु गरे । तर बालकको शरिरमा कुनै हलचल देखिएन । धामि झाकिले अस्पतालको मुल गेट मै एक मृत बालकको झारफुक विधी गरीरहेको जानकारी पाएपछि पुगेका मेडिकल सुपरिटेन्डेन्ट डा.झाले अभिभावकलाई अन्धविश्वासमा नपर्न भन्दै सम्झाएपछि उनीहरु बालकको शव लिएर निस्केका थिए ।

तर शव लिएर अभिभावक फेरी सिमावर्ती भारतीय बजार महादेवमण्ठस्थित एक धामीको घरमा पुगे । त्यहा पनि धामिले झारफुकका विभिन्न विधी प्रयोग गर्दा पनि बालकलाई जीवित पार्न नसकिएपछि निराश भई फर्किए ।

प्रहरीले सो घट्नाबारे चासो लिएपछी आफन्तले विहीवार गजेन्द्रनारायण सिह अस्पतालमा बालकको शव पोस्टमार्टमका लागी बुझाएको अस्पताल प्रशासनले जनाएको छ ।

# बस दुर्घटनामा एकको मृत्यु, १६ जना घाइते

**दैनिक समाचारदाता**
**उदयपुर, २९ असोज ।**

काठमाडौँबाट धरानतर्फ गइरहेको यात्रुबाहक बस उदयपुरस्थित मदन भण्डारी लोकमार्गअन्तर्गत त्रियुगा नगरपालिका ७ सुर्केमा दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने अन्य १६ जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख राजन चापागाईंका अनुसार दुर्घटनामा चौदण्डीगढी नगरपालिकाको वसाहाका १८ वर्षीय सोनु बस्यालको मृत्यु भएको हो ।

बसमा सवार ३५ जनामध्ये १६ जना घाइते भएका छन् । तीमध्ये गम्भीर घाइते भएका बसका सहचालक धनबहादुर जोगीलाई धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको छ ।

# बदगामामा आगलागि हुँदा १३ घर जलेर नष्ट





**दैनिक समाचारदाता**
**राजविराज, २९ असोज ।**

सप्तरीको कञ्चनरुप नगरपालिका १० बदगामामा बुधबार राति भएको आगलागीमा ९ परिवारका १३ वटा घर जलेर नष्ट भएका छन् ।

आगलागीबाट भस्स्थानीय पाचु पासवानको ३ वटा घर, दिनेश पासवानको १ वटा, मञ्जु पासवानको ३ वटा, राजकुमार पासवानको १ वटा, गजेन्द्र पासवानको १ वटा, पवन पासवानको १ वटा, खिखरी पासवानको १ वटा, लल्लु पासवानको १ वटा र महेन्द्र पासवानको १ वटा घर जलेर नष्ट भएका छन् ।

आगलागीबाट घरमा रहेका खाद्यान्न, नगद रुपैयाँलगायतका सामग्री जलेर नष्ट भएको छ । आगलागीमा राजकुमार पासवानको घरमा राखिएको ४० हजार रुपैयाँ र गजेन्द्र पासवानको घरमा रहेको २५ हजार रुपैयाँसमेत जलेर नष्ट भएको पीडितहरुले जानकारी दिएका छन् ।

राजविराज, हनुमाननगर कंकालिनी, रुपनी र कञ्चनरुपलगायतका स्थानबाट पुगेका दमकलको सहयोगमा आगो नियन्त्रणमा लिइएको थियो । आगलागीका कारण खुल्न नसकेको तथा क्षतिको विस्तृत विवरण आउन बाँकी छ ।

यसैबीच जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाको निर्देशनमा आगलागी प्रभावित परिवारलाई बिहीबार राहत प्रदान गरिएको छ ।

आगलागीबाट प्रभावित प्रति परिवारलाई एक बोरा चामल, एक कार्टुन चाउचाउ, दुई वटा साडी, २ वटा कम्बल, २ दर्जन बिस्कुट, एक बोरा भुजा, २ किलो नुन, २ कार्टुन पानी लगायतका राहतका सामाग्रिहरु बितरण गरिएको हो ।

# अवैधरूपमा नेपाल प्रवेश गरेका १० विदेशी नागरिक नियन्त्रणमा

काठमाडौँ, २९ असोज (रासस) ।

अवैधरूपमा नेपाल प्रवेश गरी काठमाडौँका विभिन्न स्थानमा लुकिछिपी बसिरहेका १० विदेशी नागरिक पक्राउ परेका छन् । सशस्त्र प्रहरी बल नेपालको इन्टेलिजेन्स ब्यूरोले बुधबार उनीहरूलाई नियन्त्रणमा लिई अध्यागमन विभागको जिम्मा लगाएको छ ।

पक्राउ पर्नेमा ४५ वर्षीय मोहमद मुक्तर होसेन, ३९ वर्षीय अब्बास अली, ४६ वर्षीय रफिक आलम, ४० वर्षीय मोहम्मद अरिफ सोसन, ३० वर्षीय अजिजुल, २९ वर्षीय अब्दुल, ३७ वर्षीय मोहम्मद आलम करिम, ३६ वर्षीय मेहेताब मण्डल, २० वर्षीय रातुल ईस्लाम र ३० वर्षीय बसर खान रहेको सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिनुभयो ।

उनीहरूलाई सशस्त्र प्रहरी नेपाल नं १८ गण हेक्वा (विशिष्ट व्यक्ति तथा महत्वपूर्ण प्रतिष्ठान सुरक्षा) बाघभैरवको टोलीले पक्राउ गरेको हो ।

## सम्पादकीय

### समाजमा अझै चेतनाको खाँचो

अन्धविश्वासले समाजको विकास, सोच र निर्णय क्षमतालाई कमजोर बनाउने भएकाले यसबाट सचेत रहनु आवश्यक छ । समाजमा शिक्षा र चेतनाको स्तर बढ्दै गए पनि अन्धविश्वासका विभिन्न रूप अझै कायम छन् । रोग लाग्दा स्वास्थ्य संस्थामा जानुको सट्टा धामी-झाँक्रीको भर पर्नु, ग्रहदशा र भाग्यका नाममा अनावश्यक खर्च गर्नु, झारफुक तथा तान्त्रिक विधिलाई उपचारको विकल्प ठान्नुजस्ता प्रवृत्तिले हाम्रो समाजलाई अझै पछाडि धकेलिरहेको छ । अन्धविश्वास केवल व्यक्तिगत विश्वासको विषय होइन, यसले कहिलेकाहीँ गम्भीर सामाजिक समस्या निम्त्याउने गरेको छ । विशेषगरी महिला, बालबालिका, वृद्धवृद्धा तथा कमजोर आर्थिक अवस्थाका मानिसहरू अन्धविश्वासको नाममा हिंसा, शोषण र ठगीको सिकार हुने गरेका छन् ।

कुनै व्यक्तिलाई बोक्सीको आरोप लगाउने, बिरामीलाई उचित उपचारबाट वञ्चित गर्ने वा प्राकृतिक घटनालाई दैवी शक्तिसँग जोडेर डर फैलाउने कार्य सभ्य समाजका लागि स्वीकार्य हुन सक्दैन । परम्परा, संस्कृति र धार्मिक आस्थाको सम्मान गर्नु आवश्यक छ । तर आस्थाको नाममा मानव स्वास्थ्य, अधिकार र जीवनमाथि खेलवाड गर्नु उचित हुँदैन । विश्वास र अन्धविश्वासबीचको फरक बुझ्न वैज्ञानिक सोच र विवेक आवश्यक हुन्छ । अन्धविश्वास हटाउन विद्यालयदेखि घरपरिवार र समुदायसम्म वैज्ञानिक चेतनाको विस्तार गर्नुपर्छ ।

तसर्थ स्थानीय सरकार, शैक्षिक संस्था, स्वास्थ्यकर्मी, सञ्चारमाध्यम तथा नागरिक समाजले जनचेतना अभियानलाई प्रभावकारी बनाउन आवश्यक छ भने सामाजिक सञ्जालमार्फत फैलिने भ्रमपूर्ण सूचना र अफवाहप्रति पनि नागरिक सचेत हुनुपर्छ ।

### बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

जनहीतका लागि : राजविराज दैनिक

# विज्ञापन बोर्डको वार्षिक प्रतिवेदन पेस: ‘डिजिटल’ विज्ञापन नियमन प्राथमिकतामा

काठमाडौँ, २९ असोज (रासस) ।

विज्ञापन बजारलाई व्यवस्थित, पारदर्शी र उपभोक्तामैत्री बनाउन विज्ञापन बोर्डले ‘डिजिटल’ विज्ञापनको नियमन, सरकारी विज्ञापनको एकद्वार प्रणालीबाट व्यवस्थापन, लोककल्याणकारी विज्ञापनको समानुपातिक वितरण तथा विज्ञापनसम्बन्धी कानुन सुधारलगायतका विषयलाई प्राथमिकतामा राखेको छ ।

बोर्डका अध्यक्ष सन्तोष श्रेष्ठले बुधबार सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनासमक्ष पेस गर्नुभएको वार्षिक प्रतिवेदनमा राष्ट्रिय विज्ञापन नीति, २०८३ कार्यान्वयन गर्दै विज्ञापन क्षेत्रको संस्थागत सुदृढीकरण, भ्रामक विज्ञापन नियन्त्रण, विज्ञापन प्रतिष्ठान स्थापनाको तयारी र सेवा प्रवाहलाई पूर्ण रूपमा डिजिटल बनाउने योजना समेटिएको छ ।

प्रतिवेदनमा आर्थिक वर्ष २०८२/८३ मा सम्पादन गरिएका काम, विज्ञापन बजारको नियमनमा देखिएका चुनौती तथा उपभोक्ता हित संरक्षण र वित्तीय पारदर्शिता अभिवृद्धिका लागि गरिएका प्रयाससमेत उल्लेख छन् ।

बोर्डको वार्षिक प्रतिवेदनअनुसार मन्त्रिपरिषद्बाट २०८३ असार १८ गते स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको ‘राष्ट्रिय विज्ञापन नीति, २०८३’ लाई मूल मार्गदर्शन मानेर बोर्डले विज्ञापन बजारको नियमन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउने योजना बनाएको छ ।

**सामाजिक सञ्जाल र डिजिटल विज्ञापनको निगरानी बढाइने**

डिजिटल प्रविधि र सामाजिक सञ्जालमार्फत हुने विज्ञापनको तीव्र विस्तारसँगै त्यसको नियमनलाई प्रभावकारी बनाउने बोर्डको प्रमुख योजना रहेको छ ।

छापा, रेडियो र टेलिभिजनजस्ता परम्परागत सञ्चारमाध्यमसँगै सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्म, चलचित्र प्रदर्शनस्थल तथा सडक र सार्वजनिक स्थानमा राखिने बाह्य विज्ञापनको अनुगमन गर्न प्राविधिक प्रणाली र संस्थागत क्षमता विकास गरिने प्रतिवेदनमा उल्लेख छ ।

विशेषगरी सामाजिक सञ्जालमा स्वास्थ्यसम्बन्धी आधारहीन दाबी, वैदेशिक रोजगारीका नाममा प्रलोभन, गैरकानुनी सट्टेबाजी, क्रिप्टोकरेन्सी तथा अन्य भ्रामक विज्ञापनको नियमनलाई थप प्रभावकारी बनाउने योजना बोर्डले अघि सारेको छ ।

कृत्रिम बौद्धिकता (एआई), डिपफेक र इन्फ्लुएन्सर मार्केटिङजस्ता नयाँ प्रविधि तथा प्रचारशैलीका कारण विज्ञापन नियमन थप जटिल बन्दै गएको प्रतिवेदनमा उल्लेख छ । यस्ता माध्यमबाट उत्पादन हुने अतिरञ्जित र भ्रमपूर्ण विज्ञापन नियन्त्रण गर्न कानुनी, प्राविधिक तथा जनशक्तिगत क्षमता अभिवृद्धि आवश्यक रहेको बोर्डको निष्कर्ष छ ।

विदेशमा रहेका कम्पनी तथा अन्तरराष्ट्रिय डिजिटल प्लेटफर्ममार्फत नेपालमा प्रसारित हुने विज्ञापनको नियमनलाई पनि बोर्डले प्रमुख चुनौतीका रूपमा पहिचान गरेको छ ।

**विज्ञापनसम्बन्धी कानुन संशोधन गरिने**

बोर्डले राष्ट्रिय विज्ञापन नीतिको मर्मअनुरूप ‘विज्ञापन (नियमन गर्ने) ऐन, २०७६’ लगायत विज्ञापन क्षेत्रसँग सम्बन्धित अन्य कानुन, नियमावली, कार्यविधि र मापदण्डमा आवश्यक संशोधन तथा परिमार्जन गर्ने योजना अघि सारेको छ ।

विज्ञापन बजारमा विकसित भइरहेका नयाँ प्रविधि, सामाजिक सञ्जालमार्फत हुने प्रचारप्रसार र उपभोक्तालाई भ्रममा पार्ने विज्ञापनका कारण देखिएका चुनौती सम्बोधन गर्न कानुनी व्यवस्थालाई समयसापेक्ष बनाइने प्रतिवेदनमा उल्लेख छ ।

यसका लागि अध्ययन तथा अनुसन्धान गरी नीतिगत सुझाव नेपाल सरकारसमक्ष पेस गर्ने र सम्बन्धित निकाय तथा सरोकारवालासँग समन्वय गर्ने बोर्डको योजना छ । विज्ञापन बजारमा विज्ञापनदाता, विज्ञापन एजेन्सी, सञ्चारमाध्यम र उपभोक्ताबीच स्वच्छ प्रतिस्पर्धा तथा जिम्मेवार व्यवहार सुनिश्चित गर्न कानुनी सुधारलाई प्राथमिकतामा राखिएको छ ।

**सरकारी विज्ञापन एकद्वार प्रणालीबाट व्यवस्थापन गरिने**

बोर्डले नेपाल सरकार तथा सरकारअन्तर्गतका निकायबाट प्रकाशन र प्रसारण गरिने लोककल्याणकारी तथा अन्य विज्ञापन बोर्डमार्फत व्यवस्थापन गर्ने एकद्वार प्रणालीको योजना अघि सारेको छ ।

यस व्यवस्थाबाट सरकारी विज्ञापनको वितरण, प्रकाशन तथा प्रसारण र भुक्तानी प्रक्रियालाई व्यवस्थित बनाउँदै पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ ।

त्यस्तै, लोककल्याणकारी विज्ञापनको वितरण प्रणालीलाई थप पारदर्शी, वस्तुपरक र समानुपातिक बनाउने बोर्डको योजना छ । विज्ञापन एजेन्सी दर्ता तथा नवीकरण र सञ्चारमाध्यमको सूचीकरण प्रक्रियालाई पूर्ण रूपमा डिजिटल बनाउँदै विज्ञापन बजारमा संलग्न सबै पक्षबीच समन्वय बलियो बनाइने प्रतिवेदनमा उल्लेख छ ।

विज्ञापन बजारमा उत्कृष्ट काम गर्ने व्यक्ति तथा संस्थाको योगदानको सम्मान गर्न राष्ट्रिय विज्ञापन अवार्ड आयोजना गर्ने योजना पनि बोर्डले अघि सारेको छ ।

**विज्ञापन बोर्डलाई थप स्वायत्त र अधिकारसम्पन्न बनाउने**

आफूलाई सुम्पिएको जिम्मेवारी प्रभावकारी रूपमा पूरा गर्न आवश्यक स्रोतसाधन, दक्ष जनशक्ति र संस्थागत संरचना विकास गरी बोर्डलाई थप स्वायत्त तथा अधिकारसम्पन्न निकायका रूपमा अघि बढाउने योजना प्रतिवेदनमा समेटिएको छ ।

विज्ञापन क्षेत्रको अध्ययन, अनुसन्धान र दक्ष जनशक्ति उत्पादनका लागि विज्ञापन प्रतिष्ठान स्थापना गर्न प्रारम्भिक प्रस्ताव तयार गर्ने पनि बोर्डको

*बाँकी तीन पृष्ठमा*

हार्दिक मंगलमय शुभकामना

२०८३ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सचिन्द्र दास
अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार

हार्दिक मंगलमय शुभकामना

२०८३ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
शत्रुघन प्रसाद गुप्ता
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार

## विज्ञापन बोर्डको ...

भावी कार्यदिशा छ ।

त्यस्तै, विज्ञापनसम्बन्धी आचारसंहिता पूर्ण रूपमा कार्यान्वयन गराउन सञ्चारमाध्यम र विज्ञापन एजेन्सीको निरन्तर अनुगमन गरिनेछ । विज्ञापनदाता, सञ्चारमाध्यम, विज्ञापन एजेन्सी तथा आम नागरिकका सुझाव, गुनासा र प्रतिक्रियालाई सम्बोधन गर्ने प्रणालीसमेत सुदृढ बनाइने प्रतिवेदनमा उल्लेख छ ।

**राष्ट्रिय विज्ञापन नीति कार्यान्वयनमा**

विज्ञापन बजारको समग्र विकास, विस्तार र प्रभावकारी नियमनका लागि राष्ट्रिय विज्ञापन नीति, २०८३ निर्माण गरी मन्त्रिपरिषद्बाट स्वीकृत गराउनु आर्थिक वर्ष २०८२/८३ को प्रमुख उपलब्धिका रूपमा प्रतिवेदनमा उल्लेख छ ।

छापा तथा विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारणसम्बन्धी कार्यविधि स्वीकृत भई कार्यान्वयनमा आएको प्रतिवेदनमा उल्लेख छ । यसबाट लोककल्याणकारी विज्ञापनको उत्पादन, वितरण र भुक्तानी प्रक्रियालाई व्यवस्थित बनाउन सहयोग पुगेको बोर्डको भनाइ छ ।

प्रदेश तथा स्थानीय तहमा विज्ञापन नियमनसम्बन्धी कानुनी तथा नीतिगत स्पष्टता कायम गर्न पनि बोर्डले काम गरेको छ । प्रदेश विज्ञापन (नियमन गर्ने) निर्देशिकाको नमूना, बाह्य विज्ञापनमा प्रदेश सरकारको भूमिका, विज्ञापन कानुन तथा विज्ञापन करका विषयमा मधेस प्रदेशबाहेक छवटै प्रदेश सरकारसँग अन्तरक्रिया गरिएको छ ।

**'अनलाइन' माध्यम र विज्ञापन एजेन्सीको सूचीकरण बढ्यो**

बोर्डले आर्थिक वर्ष २०८२/८३ मा सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीको सूचीकरण र नवीकरणसम्बन्धी काम गरेको छ ।

प्रतिवेदनअनुसार उक्त अवधिमा १९७ अनलाइन सञ्चारमाध्यम सूचीकरण र २६८ को नवीकरण भएको छ । रेडियोतर्फ २० वटा सूचीकरण र ४४४ वटा नवीकरण तथा टेलिभिजनतर्फ आठ वटा सूचीकरण र ९० वटा नवीकरण गरिएको छ ।

त्यसैगरी, ९२ विज्ञापन एजेन्सीको सूचीकरण र ३२४ वटाको नवीकरण गरिएको छ । पत्रपत्रिकातर्फ ९९ वटा सूचीकरण र २७६ वटा नवीकरण भएको बोर्डले जनाएको छ ।

लोककल्याणकारी विज्ञापन प्रसारणका लागि ९३ टेलिभिजन तथा ४५१ रेडियो र एफएम रेडियोको आवेदन स्वीकृत गरिएको छ । स्वीकृत विज्ञापन सामग्री प्रसारण गरेबापतको रकम बोर्डको स्वीकृतिअनुसार भुक्तानी गरिएको प्रतिवेदनमा उल्लेख छ ।

'विज्ञापन प्रसारण सामग्री परीक्षणसम्बन्धी मापदण्ड, २०७८' बमोजिम २६ वटा विज्ञापन सामग्री परीक्षण गरिएको छ । लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी अनुगमन विभिन्न जिल्लाका हुलाक कार्यालय तथा हुलाक निर्देशनालयमार्फत गरिएको छ ।

बाह्य विज्ञापनतर्फ बागलुङ, मकवानपुर, काभ्रेपलाञ्चोक, कैलाली, कञ्चनपुर, डोटी, डडेल्धुरा, कास्की, पाल्पा, नुवाकोट, धादिङ, उदयपुर, सिन्धुली, ताप्लेजुङ, सिन्धुपाल्चोकलगायत जिल्लाका विभिन्न स्थानमा राखिएका होर्डिङ बोर्डको अनुगमन गरिएको छ ।

**भ्रामक विज्ञापन नियन्त्रणमा सक्रियता**

बोर्डले उपभोक्ता हित संरक्षण र विज्ञापनसम्बन्धी कानुनी व्यवस्थाको कार्यान्वयनका लागि विभिन्न विज्ञापनको अनुगमन, उजुरीको छानबिन तथा कारबाही प्रक्रिया अघि बढाएको प्रतिवेदनमा उल्लेख छ ।

वैदेशिक रोजगारीका नाममा भ्रमपूर्ण तथा प्रलोभनमा पार्ने विज्ञापन नगर्न सार्वजनिक सूचना जारी गर्नुका साथै वैदेशिक रोजगार विभागलाई नियमनका लागि अनुरोध गरिएको थियो । त्यस्ता विज्ञापन तथा सूचना हटाउन पनि लगाइएको प्रतिवेदनमा उल्लेख छ ।

सामाजिक सञ्जालमा कपाल उमार्ने, लामो वा बाक्लो बनाउने, हड्डी तथा नसासम्बन्धी पीडा कम गर्ने, शरीरको बोसो घटाउने, मिर्गौला सफा गर्ने तथा शरीरबाट विषाक्त पदार्थ हटाउनेजस्ता आधारहीन स्वास्थ्यसम्बन्धी दाबी गरिएका विज्ञापनमाथि पनि बोर्डले निगरानी गरेको छ ।

औषधिजन्य दाबी गरिएका अनधिकृत तथा भ्रामक विज्ञापन गर्ने १५ सामाजिक सञ्जाल अकाउन्टलाई बन्द गर्न नेपाल दूरसञ्चार प्राधिकरणलाई पत्राचार गरिएको र अन्य १७ सामाजिक सञ्जालसँग सम्पर्क गरी भ्रामक विज्ञापन हटाउन लगाइएको प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै, विज्ञापन आचारसंहिताविपरीत सामग्री प्रकाशन तथा प्रसारण भएको विषयमा विभिन्न सञ्चारमाध्यम र विज्ञापनदातासँग जवाफ माग्ने, सचेत गराउने तथा सामग्री हटाउन लगाउने काम गरिएको छ ।

बोर्डले विदेशी टेलिभिजन च्यानलका सात मल्टिपल सिस्टम अपरेटर (एमएसओ) लाई क्लिन फिड प्रसारण गर्न सचेत गराएको छ । मदिरा उत्पादन तथा बिक्री वितरण गर्ने १३ डिस्टिलरीलाई पछिल्लो छ वर्षमा मदिराको विज्ञापन शीर्षकमा भएको खर्चको विवरण पेस गर्न पत्राचार गरी नियमनको दायरामा ल्याउने प्रक्रिया अघि बढाइएको छ ।

निर्वाचनका समयमा विज्ञापनमा आचारसंहिता पालना भए/नभएको अनुगमन गरिएको तथा सट्टेबाजीसम्बन्धी विज्ञापन रोक्न सार्वजनिक सूचना जारी गरिएको प्रतिवेदनमा उल्लेख छ । विभिन्न गैरकानुनी विज्ञापन गर्ने सात प्लेटफर्म बन्द गर्न नेपाल दूरसञ्चार प्राधिकरण र साइबर ब्युरोलाई पत्राचार गरिएको छ ।

**विज्ञापन बजारलाई पूर्ण 'डिजिटल'**

बोर्डले आफ्नो आन्तरिक प्रशासन, सेवा प्रवाह तथा अनुगमन प्रणालीलाई प्रविधिमा आधारित बनाएको जनाएको छ । विज्ञापन व्यवस्थापन सूचना प्रणालीमार्फत सेवा प्रवाह गरिनाका साथै जिआइओएमएस प्रणाली पूर्ण रूपमा लागू गरिएको प्रतिवेदनमा उल्लेख छ ।

यसबाट सेवा प्रवाहलाई सहज, छरितो, पारदर्शी र व्यवस्थित बनाउने लक्ष्य राखिएको छ । सञ्चारमाध्यमले निर्धारित दररेटमा कारोबार गर्ने र विज्ञापन एजेन्सीमार्फत कारोबार गर्दा सञ्चारमाध्यमको बिलको प्रतिलिपि राख्नुपर्ने व्यवस्थाको कार्यान्वयनका लागि पनि पहल गरिएको छ ।

'बाह्य विज्ञापनसम्बन्धी मापदण्ड, २०८१' कार्यान्वयनमा सहजीकरण गर्दै सहरी सौन्दर्य र सार्वजनिक सुरक्षालाई ध्यान दिने तथा स्थानीय तहको आन्तरिक राजस्व बढाउन प्राविधिक र कानुनी आधार तयार पार्ने कामसमेत गरिएको प्रतिवेदनमा उल्लेख छ । स्थानीय तहले निजी तथा सार्वजनिक सम्पत्तिमा राखिने बाह्य विज्ञापनबाट बहाल कर, अनुमति दस्तुर, नवीकरण दस्तुर र विज्ञापन करमार्फत आम्दानी गर्न सक्ने व्यवस्था कार्यान्वयनमा सहजीकरण गर्ने बोर्डको लक्ष्य छ ।

**आर्थिक अनुशासनमा शून्य बेरुजु**

वित्तीय पारदर्शिता र जवाफदेहितालाई प्राथमिकता दिएको बोर्डले हाल फछ्र्योट हुन बाँकी बेरुजु शून्य रहेको जनाएको छ ।

प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७७/७८ देखि सरकारी अनुदानका अतिरिक्त विज्ञापन (नियमन गर्ने) नियमावलीबमोजिम लोककल्याणकारी विज्ञापनको भुक्तानीबाट सङ्कलन हुने तीन प्रतिशत रकम बोर्डको आन्तरिक आम्दानीका रूपमा रहँदै आएको छ ।

सरकारी अनुदान र आन्तरिक स्रोतबाट प्राप्त रकम वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कानुनी व्यवस्थाअनुसार मितव्ययी रूपमा खर्च गरिँदै आएको बोर्डले जनाएको छ । प्रत्येक आर्थिक वर्ष आन्तरिक तथा महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण नियमित रूपमा सम्पन्न हुँदै आएको प्रतिवेदनमा उल्लेख छ ।

**नियमनमा जनशक्ति र प्रविधिको चुनौती**

विज्ञापन बजारको विस्तारसँगै नियमनलाई प्रभावकारी बनाउन कानुनी, प्राविधिक तथा संस्थागत चुनौती रहेको बोर्डले औँल्याएको छ ।

सामाजिक सञ्जाल, एआई, डिपफेक, इन्फ्लुएन्सर मार्केटिङ तथा अन्तरराष्ट्रिय डिजिटल प्लेटफर्ममार्फत हुने विज्ञापनको नियमन गर्न पर्याप्त प्राविधिक जनशक्ति, कानुनी स्पष्टता र संस्थागत संरचना आवश्यक रहेको प्रतिवेदनमा उल्लेख छ ।

बोर्डको सङ्गठन संरचनाले पूर्णता नपाउनु, दरबन्दीअनुसार प्राविधिक जनशक्ति अभाव हुनु, कार्यालय भवन तथा भौतिक पूर्वाधार अपर्याप्त हुनु र कर्मचारीको तालिम तथा क्षमता विकासमा कमी रहनु पनि कामकारबाहीमा देखिएका समस्या हुन् ।

विज्ञापनदाता, एजेन्सी र सञ्चारमाध्यमले आचारसंहिता, आधिकारिक दररेट र प्रचलित कानुनी व्यवस्था पालना नगर्दा नियमनमा कठिनाइ हुने बोर्डको भनाइ छ । सूचीकरण तथा नवीकरणमा पेस गरिएका कागजातको वैधानिकता परीक्षण, अन्तरनिकाय समन्वय र विज्ञापन बजारसम्बन्धी अनुसन्धानात्मक तथ्याङ्कको अभावलाई पनि चुनौतीका रूपमा पहिचान गरिएको छ ।

यी समस्या समाधान गर्न कानुनी व्यवस्थाको समसामयिक संशोधन, नियामक निकायबीच समन्वय, विज्ञापनदाता तथा सञ्चारमाध्यमलाई सचेत गराउने, कर्मचारीको अनुभव आदानप्रदान गर्ने र सेवा प्रवाहसम्बन्धी सफ्टवेयर प्रणाली स्तरोन्नति गर्ने काम भइरहेको प्रतिवेदनमा उल्लेख छ ।

बोर्डले आगामी दिनमा कानुनी सुधार, डिजिटल नियमन, पारदर्शी विज्ञापन वितरण, संस्थागत सुदृढीकरण र उपभोक्ता हित संरक्षणलाई प्राथमिकता दिँदै विज्ञापन बजारलाई स्वच्छ, मर्यादित र उत्तरदायी बनाउने लक्ष्य राखेको छ ।


# हार्दिक मंगलमय शुभकामना



२०८३ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**विश्वनाथ मण्डल**

**अध्यक्ष**

**तथा**

**जन ज्योति कृषि सहकारी संस्था लिमिटेड**

**संचालक समिति परिवार**

**राजविराज ९, मलेठ, सप्तरी**


# विश्व समाचार

## पाकिस्तानमा विद्यालयको छत खस्दा २९ जनाको मृत्यु

पेसावर, २९ असोज (रासस/एपी) ।

पाकिस्तानको पेसावरमा बिहीबार निजी विद्यालयको छत खस्दा २८ बालबालिका र एक महिला शिक्षकसहित २९ जनाको मृत्यु भएको छ । दुर्घटनामा ५० भन्दा बढी घाइते भएका छन् । मृतक बालबालिकामध्ये छ जना बालिका छन् । घाइतेमध्ये केहीको अवस्था गम्भीर रहेको अस्पतालका प्रवक्ता मोहम्मद असीमले बताउनुभयो ।

घाइते तथा मृतक बालबालिका सबै १३ वर्ष वा सोभन्दा कम उमेरका रहेको उहाँले जानकारी दिनुभयो । घाइतेको उपचारका लागि अस्पतालमा आपत्कालीन अवस्था घोषणा गरिएको थियो । उद्धारकर्मीले भग्नावशेषमुनि फसेका सबैलाई बाहिर निकालेपछि भग्नावशेष हटाउने काम थालेका थिए ।

घाइते शिक्षिका महविश जमानका अनुसार तीनतले विद्यालयमा नर्सरीदेखि पाँच कक्षासम्म करिब एक हजार २०० विद्यार्थी अध्ययनरत थिए । कक्षाकोठामा रहेका बेला छत खसेपछि आफूलाई आकाशै खसेजस्तो लागेको र पछि अस्पतालमा होस खुलेको उहाँले बताउनुभयो ।

दुर्घटनापछि स्थानीय बासिन्दा र उद्धारकर्मी तत्काल घटनास्थल पुगेका थिए । स्थानीय सामिउल्लाह खानले तीन बालिकालाई उद्धार गर्न सहयोग गरेको बताउनुभयो । उहाँका छोरा भने पानी पिउन कक्षाबाट बाहिर निस्किएकाले जोगिएका थिए । घटनास्थल र अस्पतालमा भेला भएका अभिभावकले आफ्ना छोराछोरीको अवस्थाबारे जानकारी मागेका थिए ।

दुर्घटनाको कारणबारे अनुसन्धान सुरु भएको छ । पेसावरका प्रहरी प्रमुख सईद अहमदले विद्यालयका सञ्चालकलाई पक्राउ गरिएको र भवन संरचनात्मक रूपमा कमजोर रहेको बताउनुभयो । छत खस्नुको कारण पत्ता लगाउन प्रान्तीय सरकारले समिति गठन गरेको छ ।

राष्ट्रपति आसिफ अली जरदारी र प्रधानमन्त्री शाहबाज सरिफले घटनाप्रति दुःख व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना प्रकट गर्नुभएको छ । राष्ट्रपति जरदारीले घटनाको विस्तृत अनुसन्धान गर्न र विद्यालय भवनमा सुरक्षा मापदण्ड पालना भएको सुनिश्चित गर्न आग्रह गर्नुभएको छ ।

यसअघि जुलाईमा लाहोरमा निर्माणाधीन शिक्षण केन्द्रको छत खस्दा चार विद्यार्थीको मृत्यु भएको थियो । पाकिस्तानमा निर्माण मापदण्डको कमजोर कार्यान्वयन, गुणस्तरहीन सामग्रीको प्रयोग र सुरक्षा नियमको बेवास्ताका कारण भवन भत्किने घटना बारम्बार हुने गरेका छन् ।

## होर्मुज जलडमरूमध्यमा मालवाहक जहाज डुब्यो, घटनाबारे अनुसन्धान जारी

तेहरान, २९ असोज (रासस/एपी) ।

इरानको इस्लामिक रिभोलुसनरी गार्ड कोर (आईआरजीसी) को नौसेनाले होर्मुज जलडमरूमध्यमा समुद्री सुरुङ विस्फोटकमा ठोक्किएपछि एउटा मालवाहक जहाज डुबेको जनाएको छ । जारी युद्धका क्रममा समुद्री सुरुङमा ठोक्किएर जहाज डुबेको घटना पहिलोपटक सार्वजनिक भएको इरानी पक्षको भनाइ छ ।

यसैबीच, समुद्री यातायातसम्बन्धी अधिकारीहरूले सिंगापुरमा दर्ता भएका दुई मालवाहक जहाज मंगलबार र बुधबार जलडमरूमध्य पार गर्ने क्रममा अज्ञात वस्तुबाट प्रहारमा परेको जानकारी दिएका छन् । तीमध्ये एउटा जहाज डुबेको छ भने अर्को सुरक्षित स्थानमा पुग्न सफल भएको छ ।

सिंगापुरको सामुद्रिक तथा बन्दरगाह प्राधिकरणका अनुसार डुबेको जहाजमा रहेका सबै चालक दलका सदस्यलाई सुरक्षित रूपमा बाहिर निकालिएको थियो । दुवै घटनामा कुनै मानवीय क्षति भएको विवरण प्राप्त नभएको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणले यस्ता आक्रमणलाई उक्साहटरहित, औचित्यहीन तथा अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घनका रूपमा व्याख्या गरेको छ ।

यद्यपि, सिंगापुरमा दर्ता भएको डुबेको जहाज र इरानले समुद्री सुरुङमा ठोक्किएको बताएको जहाज एउटै हुन् वा होइनन् भन्ने विषयमा स्पष्ट जानकारी प्राप्त भएको छैन ।

इरानी अधिकारीहरूले घटनाबारे विस्तृत विवरण सार्वजनिक गरेका छैनन् । इरानको सरकारी टेलिभिजनले प्रसारण गरेको रिभोलुसनरी गार्डको वक्तव्यअनुसार जहाज बुधबार बिहान इरानले अवैध तथा जोखिमपूर्ण मार्ग भनेको बाटो हुँदै यात्रा गरिरहेको समयमा समुद्री सुरुङमा ठोक्किएको थियो ।

प्रसारण गरिएका दृश्यमा जहाज पानीमा एकातिर ढल्किएको र त्यसबाट बाक्लो धुवाँ निस्किरहेको देखाइएको थियो । उक्त जहाजमा दुई हजार ५०० वटा कन्टेनर रहेको पनि सरकारी टेलिभिजनले जनाएको छ । यद्यपि, समाचार संस्था एसोसिएटेड प्रेसले ती दृश्यहरूको स्वतन्त्र रूपमा पुष्टि गर्न सकेको छैन ।

इरानले आफ्नो अनुमति बिना होर्मुज जलडमरूमध्य पार गर्ने प्रयास नगर्न जहाजहरूलाई पटक-पटक चेतावनी दिँदै आएको छ । अर्कोतर्फ, अमेरिकी सेनाले जहाजहरूलाई ओमानको तट नजिकको मार्ग हुँदै जलडमरूमध्य पार गर्न सहयोग गरिरहेको छ ।

# आमा र नवजात शिशुको अधिकार सुनिश्चित गर्न नयाँ निर्देशिका जारी

काठमाडौँ, २९ असोज (रासस)।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले आमा र नवजात शिशुको अधिकार सुनिश्चित गर्दै स्तनपानको संरक्षण, प्रवर्द्धन र सहयोग गर्न 'मातृशिशुमैत्री स्वास्थ्य संस्था कार्यक्रम सञ्चालन निर्देशिका, २०८३' जारी गरेको छ।

यसअघि 'स्वास्थ्य संस्थामा मातृशिशुमैत्री सेवा अभियान निर्देशिका, २०७३'का कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नयाँ निर्देशिका जारी गरिएको मन्त्रालयले बिहीबार प्रेस नोटमार्फत जानकारी दिएको छ।

नयाँ निर्देशिकाले सुत्केरी र नवजात शिशुका लागि स्वास्थ्य संस्थाले अनिवार्य रूपमा पालना गर्नुपर्ने १०/१० वटा मापदण्ड निर्धारण गरेको छ। अस्पताल तथा स्वास्थ्य संस्थामा मातृशिशुमैत्री सेवा सुनिश्चित गर्दै आमा र नवजात शिशुको स्वास्थ्य, अधिकार र आवश्यकताअनुसार सेवा प्रवाह गर्नु निर्देशिकाको मुख्य उद्देश्य छ।

निर्देशिका अनुसार प्रश्रवका क्रममा आमाले रोजेको परिवारको सदस्यलाई साथमा रहने व्यवस्था गर्नुपर्नेछ। त्यसले प्रश्रवका बेला आमाको मनोबल बढाउने र बच्चाको सुरक्षामा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

त्यस्तै, बच्चा जन्मिएपछि नवजात शिशुलाई आमाबाट अलग नराखी आमाकै बेडमा राख्ने र सकेसम्म छिटो स्तनपान गराउने व्यवस्थालाई प्राथमिकता दिइएको छ।

निर्देशिकाले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्रीवितरण नियन्त्रण) ऐन २०४९ को प्रभावकारी कार्यान्वयनमा सहयोग गर्दै आमाको दूधको विकल्पका रूपमा प्रयोग हुने वस्तुको बिक्रीवितरण र प्रवरद्धनलाई नियमन गरी स्तनपानको संरक्षण, प्रवर्द्धन र सहयोग गर्नेछ।

सुत्केरी र नवजात शिशु स्वास्थ्य संस्थाबाट 'डिस्चार्ज' भएर घर फर्किएपछि पनि उनीहरूको स्वास्थ्य अवस्थाबारे जानकारी लिने, आवश्यक परामर्श तथा सहयोग उपलब्ध गराउने र सम्भावित समस्याको पहिचान गर्न स्वास्थ्य संस्थामा सम्पर्क व्यक्ति 'फोकल पर्सन' तोक्नुपर्ने व्यवस्था गरिएको छ।

निर्देशिकाले स्तनपानका लागि अनुकूल वातावरण निर्माण गर्ने र आमालाई आवश्यक सहयोग उपलब्ध गराउनेछ। त्यस्तै आमा र नवजात शिशुको स्वास्थ्य र सुरक्षालाई प्राथमिकतामा राखेर सेवाप्रवाह गर्नेमा जोड दिएको छ।

नयाँ निर्देशिकामार्फत प्रश्रवदेखि सुत्केरीपछिको अवस्थासम्म मातृ तथा नवजात शिशुमैत्री सेवाको निरन्तरता सुनिश्चित गर्दै स्तनपानको संरक्षण, प्रवर्द्धन र सहयोगलाई थप व्यवस्थित बनाउने लक्ष्य राखिएको छ।

# गाउँको विकासका लागी समाजसेवी रोशनले गरे खाका सार्वजनिक



**दैनिक समाचारदाता**
**राजविराज, २९ असोज।**

सप्तरीको अग्नीसाईर कृष्णासवरण गाउँपालिका ६ महुली निवासी ५६ वर्षिय रोशन मंडर गाउँपालिकाको हरेक गतिविधीमा चलायमान देखिने तथा बुद्धिजीवीको रुपमा परिचित छन्।

उनी आउँदो स्थानीय निर्वाचनमा गाउँपालिकाको अध्यक्षका आकाक्षी देखिएका छन। मंडर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा आबद्ध छन। कानुनमा स्नातक तथा राजनीति शास्त्रमा एमए गरी समाजसेवामा लागेका हुन।

महुली लघुवित्त वितिय संस्था लि.को निर्देशक, प्रमुख कार्यकारिणी अधिकृत, महुली बजार व्यवस्थापन तथा विकास समितिको अध्यक्ष लगायत विभिन्न संघ संस्थामा प्रमुखका रुपमा काम गरिसकेका मंडर यस पटक सबैको साथ र गाउँपालिकाको समग्र विकासका लागी आफु अध्यक्ष पदको उम्मेदवार बन्न चाहेको र यसका लागी पार्टीमा तोकिएको मापदण्ड अनुसार आवश्यक प्रकृया पुरा गरी आवेदन दिइसकेको बताएका छन।

विहीवार संचारकर्मीहरु सँग कुराकानी गर्दै उनले अग्नीसाईर कृष्णासबरण गाउँपालिकालाई नमुना गाउँपालिकाको रुपमा विकास र व्यवस्थित निकास दिने उदेश्यका साथ उम्मेदवारको दाबेदारी प्रस्तुत गरेको बताएका छन।

गाउँपालिकाको विकासका लागी नयाँ खाका समेत सार्वजनिक गर्दै उनले भने, "यहाँका ८० प्रतिशत जनता कृषि पेशामा लागेकोले आफ्नो खाकामा कृषिलाई पहिलो प्राथमिक्तामा राखे।"

कृषिलाई रोजगारीसँग जोडेर यहाँका जनतालाई आत्मनिर्भर बनाउने र यसका लागी उत्पादन बृद्धि, शितभण्डार र आपको प्रशोधन केन्द्र निर्माण, पशुपालन, दुधजन्य पदार्थको उत्पादन तथा सहज बजारिकरण लगायतका योजना उनले समेटेका छन।

यस्तै ५० वर्षदेखी गाउँपालिकामा निरन्तर संचालन हुदै आएको जनचेतना रनिङ शिल्ड फुटवल प्रतियोगितालाई अझ व्यापकता प्रदान गर्ने, फुटबल एकेडेमीको स्थापना गर्ने, खेल मैदानको स्तरोन्नती गर्ने, नदी खोलामा तटबन्ध निर्माण र ग्रीन प्लान्टेशन कार्य गर्ने, मठ मन्दिरलाई धार्मिक पर्यटकिय स्थलको रुपमा विकास गर्ने, जंगली हात्ती र बादरको आतंकबाट स्थानीयलाई मुक्ती र भ्रष्टाचार अन्त्य गर्ने लगायतका विषय पनि उनले आफ्नो खाकामा समेटेका छन।

उनले विगतमा काँग्रेस र एमालेको नेतृत्वमा गाउँपालिकामा चाहेजतीको विकास हुन नसकेको दाबी गर्दै आफुले अवसर पाए जनतालाई प्रत्यक्ष अनुभुती हुने गरी काम गरेर देखाइदिने ठोकुवा समेत गरे।

शिक्षण पेशाबाट सेवानिवृत भएका वुबा बद्री र कुनै बेला महिला संगठन सप्तरीको अध्यक्ष रहेकी आमा नयनाको प्रेरणाबाट राजनीतिमा आएको बताएका उनले गाउँलाई विकसित बनाउन सहि ब्यक्ती चयन हुनु आवश्यक रहेको जनाएका छन।


राजविराज नगरपालिका
७ नं. वडा कार्यालय
राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या:-२०८३/०८४
च.नं. ३३३
मिति:-२०८३/०६/२९

## राजविराज नगरपालिका

### ०७ न वडा कार्यालयबाट जारी भएको ३५ दिने सुचना

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी साविक राजविराज नगरपालिका वडा नं. ०६ हाल राजविराज नगरपालिका वडा नं. ०७ बस्ने स्व. हरि लाल देवको नाती स्व.मिन्ती लाल देव तथा स्व.शुदामी वती वैश्यनीको छोराहरु सुरेश प्रसाद देव र रमेश प्रसाद देव यस कार्यालयमा उपस्थित भई माग गरे अनुसार मेरो आमा स्व. शुदामी वती वैश्यनीको मिति २०८३।०३।३१ गते र बुवा स्व. मिन्ती लाल देवको मिति २०८३।०६।०३ गते आफनै कालगतीले स्वर्गवास हुनु भएको निज मृतक बुवाको हक अपुताली खाने दुई छोराहरु जेठो छोरा सुरेश प्रसाद देव र कान्छो छोरा रमेश प्रसाद देव भएकोले मेरो बुवा स्व. मिन्ती लाल देवको नाउँमा कायम रहेको तपसिलमा भएको जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरी पाउँ भनी मिति २०८३।।०६।२९ गते द.न. २९१ मा निवेदन दिएको हुदाँ सो सम्बन्धमा उक्त जग्गामा निवेदकहरु बाहेक अरु कोही कसैको हक दाबी, हक अपुताली भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आ-आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा उजुरी दिन आउनु होला अन्यथा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम भै जाने ब्यहोरा जानकारीको लागी अनुरोध छ।

**तपसिल**

स्व.मिन्ती लाल देवको नाउँमा दर्ता कायम रहेको जग्गा

| सि.न | जिल्ला | गा.बि.स./न.पा. | वडा नं. | किता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सप्तरी | बोरिया | २ | २०३ | ०-०-१५ | |

राजविराज नगरपालिका
७ नं. वडा कार्यालय
राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या:-२०८३/०८४
च.नं. ३३२
मिति:-२०८३/०६/२९

## राजविराज नगरपालिका

### ०७ न वडा कार्यालयबाट जारी भएको ३५ दिने सुचना

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी साविक राजविराज नगरपालिका वडा नं. ०६ हाल राजविराज नगरपालिका वडा नं. ०७ बस्ने स्व. हरि लाल देवको नाती स्व.मिन्ती लाल देव तथा स्व.शुदामी वती वैश्यनीको छोराहरु सुरेश प्रसाद देव र रमेश प्रसाद देव यस कार्यालयमा उपस्थित भई माग गरे अनुसार मेरो बुवा स्व. मिन्ती लाल देवको मिति २०८३।०६।०३ गते आफनै कालगतीले स्वर्गवास हुनु भएको र आमा स्व. शुदामी वती वैश्यनीको मिति २०८३।०३।३१ गते आफनै कालगतीले स्वर्गवास हुनु भएको निज मृतक आमाको हक अपुताली खाने दुई छोराहरु जेठो छोरा सुरेश प्रसाद देव र कान्छो छोरा रमेश प्रसाद देव भएकोले मेरो आमा स्व. शुदामी वती वैश्यनीको नाउँमा कायम रहेको तपसिलमा भएको जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरी पाउँ भनी मिति २०८३।।०६।२९ गते द.न. २९० मा निवेदन दिएको हुदाँ सो सम्बन्धमा उक्त जग्गामा निवेदकहरु बाहेक अरु कोही कसैको हक दाबी, हक अपुताली भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आ-आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा उजुरी दिन आउनु होला अन्यथा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम भै जाने ब्यहोरा जानकारीको लागी अनुरोध छ।

**तपसिल**

स्व.शुदामी वती वैश्यनीको नाउँमा दर्ता कायम रहेको जग्गाहरु

| सि.न | जिल्ला | गा.बि.स./न.पा. | वडा नं. | किता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सप्तरी | बोरिया | २ | १६३ | ०-१-८ | |
| २ | सप्तरी | बोरिया | ४ | ११६७ | ०-६-१५ | |

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सहकारी तथा गरिबी निवारण मन्त्रालय तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि प्रशासन कार्यालय राजविराज
सप्तरी

मिति :-२०८३/०६/२७

**विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. १३ फनीलालको नाममा कायम रहेका साविक प्रगन्ना पकरी मौजे बेल्हीको सा.कि.नं. ४४९ को ज.वि. १-८-१ जग्गा मध्ये शिवानन्द दास सरसको नाममा ७ नं. फाटवारीमा जि.स. पं. बेल्ही सा.कि.नं.४४९ ज.वि. ०-५-१२ कायम रहेकोमा जम्मा ज.वि.०-६-१ घरसारमा खरिद गरि लिएको र निज निवेदकको आफ्नो अंश भागको दर्ता गर्न बाँकी रहेको ज.वि.०-०-६ समेत गरि जम्मा ज.वि.०-६-७ जग्गा २०२८ सालमा तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला ससरी गा.वि.स. तिलाठी वार्ड नं.८ हाल तिलाठी कोइलाडी गा.पा. वडा नं. १ बस्ने फनि लाल दासको नाती श्री नारायण लाल दासको छोरा अवधेश कुमार दासको यस कार्यालयमा द.नं. १५५३२ मिति २०८२/१०/०६ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८३/०६/२७ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ४४९ | फनिलाल | तिलाठी | ९ख | ९/२२५ /५४५ | ०-७-१६ मध्ये उत्तर तर्फबाट ०-६-७ | अवधेश कुमार दास | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा तिलाठी वाड नं. ३ बस्ने फनिलाल दासको नम्बरी ह्रो रहेको। |


**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*